# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २१६ | काठमाडौं | बुधबार, २० मंसिर २०८० | Prabhab National Daily | Wednesday, December 6, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# एनसेल प्रकरणले तात्दै राजनीति




- एक खर्ब ३६ करोड अमेरिकी डलरमा किनेको एनसेलको ८० प्रतिशत सेयर साढे ६ अर्बमा बिक्री गरेको विषयमा सरकारकै गम्भीर प्रश्न
- अर्को विषय हो सरकारी स्वामित्व खोस्ने आशंका, अबको ६ वर्षपछि नेपाल सरकारको स्वमित्वमा आउने निश्चित एनसेललाई निजीमै कायम राख्न व्यापारिक चलखेल भएको आरोप
- यही विषयमा बुझ्न आजै अर्थ समिति र सार्वजनिक लेखा समितिको बैठक सिंहदरबारमा बस्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गतिहीन बनेको राजनीति दूरसञ्चार प्रदायक कम्पनी एनसेलको सेयर बिक्री प्रकरणका तातिएको छ । जनचासोको विषयमा छलफल गर्ने संसद् पनि नभएको बेला सांसदीय समितिको गति नदेखिएपछि सत्तारुढ दल मंगलबार साँझ बालुवाटारस्थित प्रधानमन्त्रीनिवासमा जुटेर यो प्रकरणबारे छलफल थालेका हुन् ।

एक खर्ब ३६ करोड अमेरिकी डलरमा किनेको ८० प्रतिशत सेयर साढे छ अर्बमा बिक्री गरेको विषयले एनसेल विवादमा तानिएको हो । मंगलबार साँझ नै प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता गठबन्धनको बैठक डाकेर यसबारे छलफल थालेका हुन् ।

बैठकमा यस एनसेलको सेयर बिक्री शंकास्पद पाइएको सत्ता गठबन्धन दलका नेताहरूले निष्कर्ष निकालेका छन् । 'जति पनि गतिविधि भएका छन्, ती शंकास्पद छन् । त्यसमा प्रश्न उठेका छन् । प्रधानमन्त्रीज्यूले यो विषय गम्भीर छ र यसलाई सरकारले गम्भीरतापूर्वक लिएको छ र यसलाई देशको हित प्रतिकूल कुनै काम हुन नदिने र नेपालको प्रचलित कानुनबमोजिम अध्ययन गर्ने कुरा भएको छ,' बैठकपछि कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने ।

एनसेल प्रकरणमा प्रधानमन्त्री दाहाल आफैं र कांग्रेस सभापति शेरबहादुर देउवासमेत संलग्न रहेको आरोप लागेपछि यो प्रकरण चाँडो टुंग्याउनेतिर सरकार लागेको देखिन्छ । यसबारे प्रधानमन्त्री दाहालले सञ्चारमन्त्री रेखा शर्मालाई प्रेस विज्ञप्तिसमेत जारी गर्न लगाएका छन् । विज्ञप्तिमा खासै नयाँ कुरा नभए पनि शर्माले मन्त्रिपरिषद्को बैठकबाट मात्र अनुसन्धान समिति गठन गर्ने बताइन् । 'सरकारका तर्फबाट यस सम्बन्धमा आवश्यक अध्ययन तथा छानबिन समिति बन्ने छ । सिफारिस गरेअनुसार सरकारले आवश्यक प्रक्रिया अघि बढाउँछ,' शर्माले भनिन् । मन्त्रिपरिषद् भने भोलि बिहीबारमात्र बस्ने उनको भनाइ थियो ।

गठबन्धनको बैठकमा कांग्रेस शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा. प्रकाशशरण महत, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङलगायत सहभागी थिए ।

(बाँकी पृष्ठ २ मा)

## नवराज विकसहितको हत्या प्रकरण

# २४ जनालाई जन्मकैद



पहिलो कुरा त नेपालको इतिहासमै हत्या मुद्दामा जन्मकैद यति धेरै प्रतिवादीले एकैपटक पाएको थिएन र जातीय छुवाछूतका घटनामा पनि यति धेरै समय फैसला भएकै थिएन ।

■ **दिनेश त्रिपाठी**
**वरिष्ठ अधिवक्ता**

- वडाध्यक्ष डम्बरबहादुर मल्ल, सोतीका नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, सविन पुन, नवीनकुमार घर्तीमगर, विराज पुन मगर, धनाराज राना, भीमबहादुर पुन, रमित पुन मगर, डिल्ली मल्ल ठकुरी, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, मोहन पुन मगर, इर्दबहादुर ठकुरी, तिलक चन्द, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ल, विनोद मल्ल, विष्णु मल्ल, नवराजकी प्रेमिकाका बुबा, दाजु र भाइ गरी २४ जनालाई जन्मकैद
- उनीहरूलाई जातीय छुवाछूत मुद्दामा दुई वर्ष कैद र ५० हजार जरिवाना तथा नवराजकी प्रेमिका र उनकी आमालाई पनि त्यति नै कैद र जरिवानाको फैसला




■ **जेबी योञ्जन**

**काठमाडौं–** हत्या र जातीय छुवाछूतका मुद्दामा नेपालको इतिहासमै सर्वाधिक २४ जनालाई जन्मकैदको फैसला भएको छ । रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ को सोतीमा नवराज विकसहित छ जनाको हत्यासम्बन्धी मुद्दामा जिल्ला अदालत रुकुम पश्चिमले मंगलबार यति धेरै संख्याका प्रतिवादीलाई हत्या र जातीय छुवाछूतमा दोषी ठहऱ्याएको हो ।

अदालतका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाका अनुसार न्यायाधीश खडकबहादुर केसीको एकल इजलासले पुर्पक्षका लागि यसअघि थुनामा रहेका २३ जना र साधारण तारेखमा छाडिएका एक जनालाई जन्मकैदको फैसला सुनाएको हो । नवराजकी प्रेमिका र उनकी आमा जातीय छुवाछूत मुद्दामा दोषी ठहरिएकी छन् ।

'३४ जना प्रतिवादी थिए । २४ जना जन्मकैद ठहरिएका छन् र बाँकी दुई जना आमा छोरी पनि जातीय छुवाछूतमा दोषी ठहरिए,' कोइरालाले प्रभावसँग भने ।

अदालतले हत्या घटनामा जन्मकैद सुनाएकाहरूमा चौरजहारी नगरपालिका-८ का तत्कालीन वडाध्यक्ष डम्बरबहादुर मल्ल, सोतीका नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, सविन पुन, नवीनकुमार घर्तीमगर, विराज पुन मगर, धनाराज राना, भीमबहादुर पुन, रमित पुन मगर, डिल्ली मल्ल ठकुरी, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, मोहन पुन मगर, इन्द्रबहादुर भनिने इर्दबहादुर ठकुरी, तिलक चन्द, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ल, विनोद मल्ल, विष्णु मल्ल, नवराजकी प्रेमिकाका बुबा र दाजु र भाइ छन् ।

उनीहरूविरुद्ध जातीय छुवाछूतका मुद्दामा थप दुई वर्ष कैद सजाय र जनही ५० हजार जरिवानाको फैसला पनि सुनाइएको छ । सोही मुद्दामा त्यति नै कैद र जरिवाना नवराजकी प्रेमिका र प्रेमिकाको आमालाई पनि भएको छ ।

१० जेठ २०७७ मा जाजरकोटको भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षीय नवराज विक आफ्ना साथीहरू लिएर मल्ल थरकी प्रेमिकालाई भगाएर बिहे गर्न सोतीगाउँ पुगेका थिए । गाउँलेहरूले योजनाबद्ध आक्रमण गर्दा नवराजसहित सन्दीप विश्वकर्मा, टीकाराम सुनार, गणेश बुढा, लोकेन्द्र सुनार र गोविन्द शाहीको ज्यान गएको थियो । उनीहरूको शव भेरी नदीमा फेला परेको थियो । १२ जना घाइते भएका थिए ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## उत्पादनमूलक क्षेत्रका लागि खुल्यो भाषा परीक्षा

# १५ हजार ८४८ जना श्रमिक माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाको उत्पादनमूलक क्षेत्रमा थप नेपाली श्रमिक पठाउन भाषा परीक्षाका लागि आवेदन माग गरिएको छ । वैदेशिक रोजगार विभाग इपिएस कोरिया शाखाले आगामी पुस २ देखि ६ गतेसम्म भाषा परीक्षाका लागि आवेदन माग गरेको हो ।

एचआरडी कोरियाबाट रोजगार अनुमति प्रणाली (इपिएस) भाषा परीक्षामार्फत उत्पादनमूलक क्षेत्रका लागि १५ हजार ८४८ जना श्रमिकको माग भई आएको शाखाले उल्लेख गरेको छ । शाखाले मंगलबार एक सूचना जारी गर्दै नेपाल-कोरियाबीच सम्पन्न समझदारी पत्र (एमओयू) अनुरूप इपिएसअन्तर्गत नेपाली नागरिकलाई उत्पादनमूलक क्षेत्रमा कामदारका रूपमा छनोट गर्ने सम्बन्धमा भाषा परीक्षामा सामेल हुन इच्छुकहरूलाई आवेदन फाराम दर्ता गर्न आह्वान गरेको छ ।

भाषा परीक्षाका लागि आवेदन माग गरिए पनि परीक्षाको मिति माघ २२ गते सार्वजनिक गरिने शाखाले जनाएको छ । आवेदन दिने परीक्षार्थीको उमेर १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने छ । भाषा परीक्षा एक दिनमा चार सिफ्ट सञ्चालन हुने छ । आवेदक संख्याका आधारमा परीक्षा तालिका फेरबदल हुन सक्ने इपिएस शाखाले जनाएको छ । आवेदक संख्या बढी भएमा पहिलो र दोस्रो गरी दुई चरणमा परीक्षा सञ्चालन हुने छ ।

इपिएस भाषा परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूले दोस्रो चरणको स्किल टेस्टमा उत्तीर्ण भई स्वास्थ्य परीक्षणबाट समेत सफल भएपछि मात्र रोजगार आवेदन फाराम भर्न सकिने बताइएको छ । भाषा परीक्षा र सीप परीक्षणमा प्राप्त अंकको आधारमा अधिकतम अंक प्राप्त गर्नेहरूहरूलाई रोजगारीका लागि क्रमशः रोस्टरमा सूचीकृत गरिने शाखाले उल्लेख गरेको छ ।




कुनै फौजदारी अभियोगमा सजाय नपाएको, कोरियामा गई गैरकानुनी गतिविधिमा संलग्न भई वा गैरकानुनीरूपमा बसोबास गरी स्वदेश फिर्ता नपठाइएको, कोरियामा ई-९ र ई-१० भिसामा पाँच वर्षभन्दा कम अवधि बसेको र सन् २०२३ भित्र इपिएस परीक्षाका लागि आवेदन नदिएका व्यक्तिलेमात्रै आवेदन फाराम भर्न पाइने शाखाले जनाएको छ ।

कोरियाले कृषि, उत्पादनमूलक क्षेत्रमामात्रै नेपाली श्रमिकको माग गर्दै आइरहेकोमा सिप बिल्डिङका लागि पनि माग गर्न थालेको छ । शाखाले गत हप्तामात्रै सिप बिल्डिङका लागि भाषा परीक्षा दिएका परीक्षार्थीमध्ये चार हजार ९८ जना उत्तीर्ण भएको नतिजा सार्वजनिक गरेको छ भने यही मंसिर २४ गते देखि २८ गतेसम्म उनीहरूको सीप परिक्षण हुने बताएको छ ।

अब भाषा परिक्षा र सीप परिक्षणमार्फत कोरियाको निर्माण र सेवा क्षेत्रमा पनि नेपालीलाई रोजगारीको अवसर दिने तयारी गरेको इपिएस शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । 'यसअघि कोरियाले नेपालबाट कृषि र उत्पादन क्षेत्रमा मात्र नेपाली श्रमिकको माग गर्दै आएकोमा केही अघिदेखी शिप बिल्डिङमासमेत माग गर्न थालेको छ,' उनले भने, 'आगामी दिनमा निर्माण र सेवा क्षेत्रमा पनि नेपाली श्रमिक लैजाने जानकारी दिइएको छ ।' हाल उत्पादनमूलक क्षेत्रमा थप नेपाली श्रमिक लैजाने गरी भाषा परीक्षाका लागि आवेदन माग भए पनि कृषि क्षेत्रमा जाने कामदारको सूची अझै रोस्टरमै रहेका कारण अहिले नै आवेदन खुल्ने सम्भावना नरहेको निर्देशक सुवेदीले बताए ।

# पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गर्ने महिला पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ । पोर्चुगलमा आकर्षक तलबसहितको रोजगारीमा लगाइदिने भन्दै पिडितसँग रकम लिएर फरार रहेको आरोपमा सूष्माकुमारी खड्कालाई प्रहरीले पक्राउ गरेको हो ।

बारा जिल्ला स्थायी घर भई काठमाडौं बस्ने ४३ वर्षीय खड्काले राजु शाहीसँग पोर्चुगल पठाइदिने भन्दै पटक-पटक गरी सात लाख ५० हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । पोर्चुगलको एक प्रतिष्ठित होटलमा मासिक एक लाख २० हजार रूपैयाँभन्दा बढी तलब हुनेगरी काम लागाइदिने प्रलोभनमा पारी रकम लिएर फरार रहेको अवस्थामा खड्कालाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । उनलाई खोजतालासका क्रममा बानेश्वरबाट पक्राउ गरिएको बताइएको छ ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### २४ जनालाई...

घटनापछि पीडिततर्फबाट नवराजका बुबा मुनलालले ३४ जनालाई विपक्षी बनाउँदै जिल्ला अदालत रुकुम पश्चिममा रिट दायर गरेका थिए । रिटमाथि गत आइतबारदेखि निरन्तर सुनुवाइ भएको थियो । मंगलबार पीडित पक्षका वकिलहरूको जवाफी बहसपछि न्यायाधीश केसीको इजलासबाट फैसला आएको हो । पीडिततर्फबाट बहस गर्नेमध्येका एक जना वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले अदालतको फैसलापछि भनेका छन्, 'आज न्याय जितेको दिन ।'

सीमान्तकृत समुदायका पीडितहरूले न्याय पाउनेमा अन्तर्राष्ट्रिय समुदाय पनि सशंकित रहेको बेला आएको फैसालाले न्यायालयमाथिको जनविश्वास झनै बढेको त्रिपाठीले बताए । 'पहिलो कुरा त नेपालको इतिहासमै हत्या मुद्दामा जन्मकैद यति धेरै प्रतिवादीले एकैपटक पाएको थिएन र जातीय छुवाछूतका घटनामा पनि यति धेरै समय फैसला भएकै थिएन, यो दुवै ऐतिहासिक नै हो,' उनले भने, 'यसअघि जातीय छुवाछूतका घटनामा दुई-चार महिना कैद सजाय हुन्थ्यो ।' मुद्दामा पीडिततर्फबाट सरकारी वकिल चक्रबहादुर सिञ्जालीसहित १८ जना वकिलले बहस गरेका थिए । प्रतिवादीतर्फबाट वकिल रत्नबहादुर खड्कासहितले बहस गरेका थिए ।

सोती घटनालाई जातीय नरसंहारको रूपमा पनि लिने गरिन्छ । घटनाप्रति अन्तर ाष्ट्रिय समुदायले चासो राखेको थियो । संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले पीडित परिवारले न्याय पाउनुपर्ने भन्दै न्यायालयबाट अन्याय नहुने विश्वास व्यक्त गरेको थियो । तर, नेपालमा जातीय विभेद र हिंसासँग जोडिएका अपराधमा दण्डहीनता उच्च रहेको भन्दै निष्पक्ष छानबिनमासमेत जोड दिएको थियो ।

माओवादी सांसद देवेन्द्र पौडेल नेतृत्वको तत्कालीन संसदीय विशेष समितिले पनि सोती घटना जातीय भेदभावले प्रेरित भएर भएको औंल्याएको थियो । घटनामा संलग्न जो कोहीलाई कानुनअनुसार कारबाहीको सिफारिस समितिले गरेको थियो ।

घटनामा मारिएका छ जनाको परिवारलाई सरकारले १० लाख रूपैयाँका दरले राहत दिइसकेको छ । मृतकहरूलाई 'सामाजिक रूपान्तरण सहिद' घोषणा गर्न तत्कालीन कांग्रेस सांसद विमला नेपालीले माग गरेकी थिइन् । तर, उनीहरूलाई सहिद घोषणा गरिएको छैन । घटनालाई लिएर पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई सडकमा आएका थिए । मृतकहरूको आमाहरू न्यायका लागि भन्दै काठमाडौं आएर दबाब दिएका थिए । देशको ठाउँठाउँमा घटनाको विरोधमा प्रदर्शन भएका थिए । अन्ततः साढे तीन वर्षपछि घटना सम्बन्धी मुद्दामा फैसला आएको हो ।

### एनसेल प्रकरणले...

**कांग्रेस नेताहरू बिहानैबाट असन्तुष्ट**

एनसेल प्रकरणमा मंगलबार बिहानै अर्थमन्त्री डा. महत असन्तुष्ट सुनिएका थिए । चितवन पुग्दा यस प्रकरणबारे पत्रकारले प्रश्न सोधेपछि महतको जवाफ थियो, 'हामी सूचना लिइरहेका छौं । यसको नियमन गर्ने निकाय टेलिकम हो । यो ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ ।'

त्यसपछि दिउँसो ओखलढुंगा पुगेका कांग्रेस नेता डा. शेखर कोइरालाले पनि यो प्रकरण शंकास्पद रहेको जनाए । 'दुई-चार दिनदेखि तपाईंहरूले सुन्नुभएको छ एनसेल प्रकरण । आजको पाँच वर्षपछि नेपाल सरकारको स्वामित्व हुनुपर्ने एनसेल बेचिँदै छ भन्ने केही दिनदेखि चर्चा थियो,' शेखरले भने, 'राजनीतिज्ञहरू, कर्मचारी र व्यापारीहरूको मिलेमतो नभई यो सम्भव हुँदैन । यो कुरा हामी संसद्मा उठाउँछौं । सडकमा उठाउँछौं । यसलाई हामीले गम्भीररूपमा लिएका छौं ।'

त्यसैगरी सोही मञ्चमा कांग्रेस महामन्त्री गगन थापाले अर्बौं रूपैयाँ घोटाला भएको हुनसक्ने दाबी गरे । 'हरेक दिन कुनै न कुनै काण्डबारे सुनिन्छ । केही समयअगाडि सुनको काण्डबारे सुनियो, हिजोआज कुनै पत्रपत्रिका हेर्नुभयो भने एनसेलको अर्बौं रूपैयाँ घोटालाको काण्ड सुन्नुहुन्छ,' महामन्त्री थापाले अघि भने, 'प्रथम दृष्टिमा हेर्दै गर्दा पनि अर्बौं रूपैयाँ घोटाला भएको अनुमान लगाउन सकिन्छ ।'

**तात्दै संसदीय समिति**

संसद्मा विचाराधीन १२ विधेयक थाँती राखेर रणभुल्लमा रहेको संसदीय समिति एनसेल प्रकरणले तातिएको छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले यस विषयमा छलफल गर्न आज दिउँसो बजे बैठक राखेको छ । समितिले यस विषयमा आइतबार नेपाल दूरसञ्चार प्राधिकरणलगायत निकायसँग नौ बुँदे प्रश्न पठाएको थियो । आज नै अर्थ समितिले बिहान ११ बजेका लागि बैठक डाकेको छ । बैठकमा दूरसञ्चार प्राधिकरणका पदाधिकारीलाई बोलाइएको समितिले जनाएको छ ।

**एमाले मौन**

सरकारको सानोतिनो कमजोरीमा पनि औंला ठड्याउने प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) एनसेलको विवादबारे मौन छ । झुलाघाट चिवाभञ्ज्याङ मध्यपहाडी लोकमार्ग पदयात्रामा रहेको एमाले अध्यक्ष मंगलबार जाजरकोटमा छन् । ओलीले यसबारे केही बोलेका छैनन् भने अरु नेताहरू पनि यसबारे बोल्न पन्छिन्छन् । दूरसञ्चार नियमक संस्था नेपाल दूरसञ्चार प्रधिकरण हो । यसका अध्यक्ष पुरुषोत्तम खनाल एमाले सरकारका पालामा प्राधिकरणको नेतृत्वमा चयन भएका थिए । यद्यपि एमालेले आफ्नो विद्यार्थी संगठन अनेरास्ववियूलाई भने सडकमा उतारिसकेको छ ।

**के हो एनसेलको सेयर बिक्री प्रकरण ?**

स्पाइस नेपाल हुँदै मेरो मोबाइल भएको दूरसञ्चार सेवा प्रदायक कम्पनीको सेयर आजियटाले किनेसँगै एनसेलमा परिवर्तन भयो । सन् २०१६ को अप्रिल १२ मा टेलिया सोनेराले ८० प्रतिशत सेयर आजियाटालाई बेचेको थियो । २० प्रतिशत सेयर भने नेपालकै सुनिभेरा क्यापिटल भेञ्चरको नाममा रहेको छ ।

मलेसियन कम्पनी आजियाटाले स्विडेनको टेलियासोनेरासँग एक अर्ब ३६ करोड अमेरिकी डलर (तत्कालीन विनिमय दरअनुसार एक खर्ब ४३ अर्ब रूपैयाँ) मा ८० प्रतिशत किनेको थियो । यही सेयर आजियाटाले पाँच करोड अमेरिकी डलर अर्थात् छ अर्ब ६६ करोड रूपैयाँमा उक्त सेयर स्पेक्ट्रलाइट युके लिमिटेडलाई बेच्ने निर्णय गरेको हो । यो सम्झौता बाहिरिएसँगै एनसेल सेयर विवाद चर्किएको हो । यो कारोबारको कानुनी प्रक्रियाको वैधता र आर्थिक पादर्शितामाथि गम्भीर प्रश्न उब्जिएका छन् ।

**नियामकलाई नै छैन जानकारी**

एनसेलको सेयर खरिद-बिक्री हुँदा सम्बन्धित क्षेत्रका नियामक निकायलाई जानकारी नभएको जनाएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले यसबारे कुनै सूचना आफूहरूलाई प्राप्त नभएको दाबी गरेको छ ।

**के छ विधि र प्रक्रिया ?**

दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको पाँचभन्दा बढी प्रतिशत सेयर खरिद-बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क) मा सेयरधनीको सेयर खरिद-बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानुनी प्रावधान छ । आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेकोबारे प्राधिकरणले कुनै स्पष्ट जानकारी बाहिर ल्याएको छैन ।

अर्कोतर्फ, यो व्यावसायिक सम्झौतामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा १९ आकर्षित हुनसक्ने भएकाले सोहीअनुसार आजियटा अघि बढेको बुझ्न सकिन्छ । ऐनको उक्त दफाले 'विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपालभित्र वा बाहिर सेयर बिक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारको स्वामित्व वा निहित स्वामित्वको संरचना परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको ३० दिनभित्र तत्सम्बन्धी प्रमाण कागजातसहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

लामो समयदेखि करछलीको विवादमा अदालती प्रक्रिया भोगिरहेको एनसेल कम्पनीमा फेरि करछलीको नियतबाट सेयर कारोबार भएको हुनसक्ने विषयमा पनि आशंका उब्जिएका छन् । विदेशमा कारोबार हुनु, न्यून रकममा सेयर खरिदबिक्री हुनु, सेयर खरिद गरेका व्यक्ति र संस्थाको शंकास्पद आबद्धतालगायत कारण यस्ता आंशका देखिएका हुन् ।

**सरकारी स्वामित्व खोस्ने दाउ**

सस्तो मूल्यमा सेयर बेचिएपछि सरकारलाई पुँजीकर तिर्नुमात्र परेन, एनसेल सेयर बिक्री प्रकरणमा सरकारी स्वामित्वसमेत गुम्ने डर देखाइएको छ । एनसेलको २० प्रतिशत सेयरमा आचार्य परिवारकै स्वमित्व रहेको छ । यसैगरी ८० प्रतिशत सेयर किनेको स्पेक्ट्रलाइट युकेमा नेपाली मुलका सिंगपुरे नागरिक सतीशलाल आचार्यको लगानी रहेको छ । उनले गैरआवासीय नेपालीको अधिकार प्रयोग गरी वा आफ्नो परिवारलाई थप ५० प्रतिशत सेयर बेचेर सरकारी स्वमित्व खोस्ने बताइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Cleaning Experts Foundation for Maintenance and Cleanliness

पूर्व स्वीकृति मिति २०८०/०८/१९ LT. No. 295981 चलानी नं. ६०२११००५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Building Roof Cleaning Worker | 2 | 0 | 1000 | ३५५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २७ गते (13th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Mobile: 9851027865, 9803885095 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : saudi installation terstin and maintenacne co. for contracting

पूर्व स्वीकृति मितिः २०८०/०८/१९ LT. No.295972 चलानी न. ६०२१०९९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | ELECTRICAL EQUIPMENT MAINTENANCE WORKER | 2 | 0 | 1200 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २७ गते (13th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

SULAV Recruitment

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com


# Bhotekoshi Rural Municipality

## Office of Rural Municipal Executive

**Phulpingkatti, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Invitation for Electronic Bids

**1st Date of publication: 2080/08/20 (6th Dec 2023)**

1. Bhotekoshi Rural Municipality, Phulpingkatti Sindhupalchok invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works NCB along with Name & identification of contracts as mentioned below through the details are in the bidding document.

| S.N | Contract Identification NO. | Description of Works | Bid Document Fee Amount NRs. | Bid security Amount NRs. | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BRM/WORKS/01/080/081 | Construction of Administrative Building Boundary wall ,Retaining wall and Slab-Culvert | 3000.00 | 197000.00 | 2080/09/08 (24th Dec 2023) 12:00 Hrs. | 2080/09/18 (3rd Jan 2024) 12:00 Hrs | 2080/09/18 (3rd Jan 2024) 13:00 Hrs |
| 2 | NCB/BRM/WORKS/02/080/081 | JhyaleBhir-Tyangthali-Anthali Road Upgrading & Maintenance | 3000.00 | 485000.00 | | | |
| 3 | NCB/BRM/WORKS/03/080/081 | Chaku-Marming-Golchi Road Upgrading & Maintenance | 5000.00 | 725000.00 | | | |
| 4 | NCB/BRM/WORKS/04/080/081 | Hindi-Narayanthan-Selangkatti Road Upgrading & Maintenance | 5000.00 | 970000.00 | | | |
| 5 | NCB/BRM/WORKS/05/080/081 | Tatopani-Bhairavkunda Road Upgrading & Maintenance | 3000.00 | 485000.00 | 2080/09/11 (27th Dec 2023) 12:00 Hrs | 2080/09/20 (5th Jan 2024) 12:00 Hrs | 2080/09/20 (5th Jan 2024) 13:00 Hrs |
| 6 | NCB/BRM/WORKS/06/080/081 | Daklang-Dharapani-Gumba Road Upgrading & Maintenance | 3000.00 | 245000.00 | | | |
| 7 | NCB/BRM/WORKS/07/080/081 | Daklang-Listi-Bhairavkunda Road Upgrading & Maintenance | 5000.00 | 1335000.00 | | | |

| Name of Bank | Name of office | Revenue Account Name & No. for bid doc. fee | Deposit Account Name & No. for bank guarantee |
|---|---|---|---|
| Nabil Bank ltd. Tatopani Branch | Bhotekoshi Rural Municipality, Phulpingkatti, Sindhupalchok | BHOTEKOSHI GA.PA 1.1 AANTARIK RAJASWA KHATA | BHOTEKOSHI GA.PA 3 DHARAUTI KHATA |
| | | 24101017500028 | 24101017500018 |

2. Tender procedures shall follow public procurement Act 2063 & public procurement regulation 2064 along with recent amendments.
3. Bid submitted in hard copy shall not be accepted.
4. If the last date of purchasing & submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For futher information please refer to the PPMOs website http/bolpatra.gov.np.egp, and official Website www.bhotekoshimun.gov.np. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**

# क्षी बहुद्देश्यीय सहकारी संस्था लिमिटेड

बुद्धवारी, टेकु काठमाडौं

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम प्रकाशित मिति २०८०/०८/२०**

यस संस्थाबाट तपाई तपशिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण भाखाभित्र नतिरी संस्थाबाट पटक पटक भएको मौखिक एवं लिखित तर-ताकेता गर्दा पनि कर्जा चुक्ताको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा कर्जा तिर्न बुझाउनका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्नु बुझाउनु पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४ , सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ । साथै संस्थाको साँवा ब्याज असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा भएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुली उपर गरिने व्यहोरा पनि जानकारी गराउदछौं सो प्रकृयाबाट संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धन जमानी दिनेको घर घराना चल अचल सम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं | ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी कर्ताको विवरण |
|---|---|---|---|
| १. | ऋणी :- बसन्त बहादुर श्रेष्ठ<br>बुबा :- ललित मान श्रेष्ठ<br>बाजे :- उदय मान श्रेष्ठ<br>ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा वडा नं- १६ नयाँ बजार<br>ना.प्र.नं. :- १०५४८ काठमाडौं  | उदय मान श्रेष्ठको नाति, ललित मान श्रेष्ठको छोरा ना.प्र.नं.१०५४८ का बसन्त बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय, काठमाडौं डिल्लीबजार मा दर्ता कायम रहेको काठमाडौं जिल्ला मुलपानी गा.वि.स/न.पा वडा नं ३ ख को क्रमशः कित्ता नं. ३४४ र ८७ को क्षेत्रफल १-०-०-० र कित्ता न.८७ को क्षेत्रफल ०-९-२-० मा रहेको अमर आदर्श माध्यमिक बिद्यालय, जग्गा तथा निजको नाममा रहेको का.प.न.पा.वडा नं.८ को कित्ता नं.८२ को क्षेत्रफल ०-३-३-३ मध्ये वसन्त बहादुर श्रेष्ठको हक हिस्सा वापतको जग्गा समेत यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनपछि लिलामीको प्रकृया अगाडि वढाइने छ । | |
| २. | ऋणी :- मिन बहादुर लामा तामाङ्ग<br>बुबा :- द्ययोलामा लामा तामाङ्ग<br>बाजे :- डेन्मा लामा तामाङ्ग<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं- १६ नयाँ बजार<br>ना.प्र.नं. :- २६/३७६११ काठमाडौं  | मुरली भञ्याङ -४ धादिङ्ग कि.नं. ६७२, क्षेत्रफल २-४-२-१ | १. फिलिङ तामाङ, धादिङ जिल्ला रुवी भ्यालि गाविस. वडा नं-४, ना.प्र नं.१/३८२३<br>२.शिवहरी तिमिल्सेना कास्की जिल्ला, उ.प.न.पा/गाविस.लेखनाथ वडा नं-११, ना.प्र नं.६०२६२<br>३. नरमान तामाङ हाल काठमाडौं जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार, ना.प्र.नं.२६ १/१६६२<br>४.माया तामाङ हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार, ना.प्र.नं.८२७७ |
| ३. | ऋणी :- राजेन्द्र घतानी<br>ब'बा :- कृष्ण बहादुर घतानी<br>बाजे :- तुल बहादुर घतानी<br>ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा वडा नं- १६ नयाँ बजार  | मांखा -६ सि.पा.जि. कि.नं. १७०९ क्षेत्रफल ०-७-०-० | १. मिनबहादुर लामा तामाङ, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार ना.प्र.नं.२६ ३७६११<br>२.जयराम गहतराज हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार ना.प्र.नं.२४ ४३३१/टो ५(४१०४) |
| ४ | ऋणी :- जयराम गहतराज<br>बुबा :- चन्दे बहादुर गहतराज<br>बाजे :- दल बहादुर गहतराज<br>ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा वडा नं- १६ नयाँ बजार<br>ना.प्र.नं. :- २४ ४३३१/टो ५ (४१०४)  | मांखा -६ सि.पा.जि. कि.नं. ७८९ क्षेत्रफल ०-१४-१-१ | १. मिनबहादुर लामा तामाङ, हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार ना.प्र.नं.२६ ३७६११<br>२.जयन्ती देवी गहतराज हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार ना.प्र.नं.२४-०१-६९-०५५७९<br>३. राजेन्द्र घतानी हाल काठमाडौ जिल्ला, कामनपा वडा नं- १६, नयाँ बजार ना.प्र.नं.२४ १४०५० |
| ५. | ऋणी :- बाल कुमार बुर्जा<br>बुबा :- गुन्ज बहादुर बुर्जा<br>बाजे :- सोम बहादुर बुर्जा<br>ठेगाना :- सिन्धुली जिल्ला वडा नं- ८ , दुम्जा  | | ऋणी :-बिना कुमारी बुर्जा<br>बुबा :- दल बहादुर सिजाली<br>पति :- बाल कुमार बुर्जा<br>ठेगाना :- दुम्जा-८, सिन्धुली<br>ना.प्र.नं. :- २०३०२०/४३० सिन्धुली २०६३-११-१४ |
| ६. | ऋणी :- श्री राजन के.सी<br>बुबा :- मिन बहादुर के.सी<br>बाजे :- भक्त बहादुर के.सी<br>ठेगाना :- इमाडोल - ९, ललितपुर<br>ना.प्र.नं. :- ना.प्र.नं.२१२९१  | बुटवल उ.म.न.पा- ५ ग साविक चाँपाकोट-८ कपिल बस्तु कि.न. ५२ को ०-३-० कि.न. २९ को ०-१५-० | |
| ७. | ऋणी :- श्री प्रसाद शाही<br>बुबा :- लक्ष्मी भगत शाही<br>बाजे :- शंख बहादुर शाही<br>ठेगाना :- भक्तपुर, वडा नं- ३<br>ना.प्र.ना.प्र.नं. :- ३३८० सिन्धुली २०५२-११-१०<br>नं. :- बा.भ.ई. २/१०५१(०४६-१२-२९) | | |

# समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रहरी प्रधान कार्यालयले समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी देखिएको बताएको छ । समाजमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि सञ्चालन भएको उक्त कार्यक्रमको पाँच वर्षको समीक्षा गर्दै प्रहरीले उद्देश्यअनुसार कार्यक्रम प्रभावकारी भएको निष्कर्ष निकालेको छ ।

२०७५ कात्तिकबाट सुरु भएको उक्त कार्यक्रमको पाँच वर्षमा देशभर गरेर एक करोड नागरिकलाई सचेतना कार्यक्रममा सहभागी गराइएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले बताए । उनका अनुसार सो अवधिमा १०० वटा शीर्षकमा देशभर एक लाख ८४ हजार ५३५ वटा सामुदायिक कार्यक्रम सञ्चालन भएका र यसबाट कूल एक करोड दुई लाख ९८ हजार ७०४ जना नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् ।

उक्त कार्यक्रमका माध्यमबाट ७५३ वटा स्थानीय तहसँग साझेदारी निर्माण गरी कार्यान्वयन गर्न औपचारिक समझदारी भएको थियो । जसअनुसार बृहत् रूपमा सामुदायिक सुरक्षा संस्थागत गर्न जिल्ला, पालिका, वडा, टोल र विद्यालय तहसम्म कूल २३ हजार ९९२ साझेदारी समिति गठन भएका छन् ।

समुदाय-प्रहरी साझेदारी अवधारणा, २०७५ बमोजिम सामुदायिक सुरक्षा अभिवृद्धि गर्न स्थानीयस्तरमा नेपाल प्रहरी, स्थानीय तह, सरकारी निकाय विद्यमान सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्र, विभिन्न क्षेत्रका गैरराजनीतिक सामुदायिक र सामाजिक संघ संस्था, महिला, बालबालिका र युवासम्बन्धी संघ संस्था, माध्यमिक तह (कक्षा १२ सम्म) का विद्यालय, शिक्षासँग सम्बन्धित संघ संस्था र समाजका लब्धप्रतिष्ठित व्यक्तिको सहभागिता हुनेगरी समिति गठन गरिएको थियो ।

लागुऔषधविरुद्ध जनचेतनामूलक करिब २० हजार कार्यक्रम भएका र त्यसबाट १० लाख ४३ हजारभन्दा बढी मानिसमा सचेतना पुर्‍याइएको छ। महिला हिंसा न्यूनीकरण सम्बन्धमा १३ हजार ६०० भन्दा बढी कार्यक्रमबाट छ लाख ८५ हजारभन्दा बढी नागरिक समक्ष सचेतना पुर्‍याइएको प्रहरीले जनाएको छ। वि.सं. २०३९ मा घरदैलो कार्यक्रमबाट सुरूआत भएको साझेदारी अवधारणा नेपाल प्रहरीले विभिन्न समयमा अख्तियार गरेका निर्देशिका, विधान र कार्ययोजनाजस्ता सामुदायिक प्रहरी सेवा स्थापनाका आधार र निर्णयबाट समुदाय-प्रहरी साझेदारी कार्यक्रम २०७५ कात्तिक ११ गतेदेखि सुरूआत भएको हो ।

सामुदायिक सुरक्षा अभिवृद्धि गर्ने तथा स्थानीयस्तरमा हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिक र प्रहरीबीचमा सम्बन्ध स्थापित गर्ने यस अवधारणाको उद्देश्य, आवश्यकता र औचित्य पुष्टि भएको प्रहरीले जनाएको छ। अवधारणाअन्तर्गत हाल ५२८ जना जनशक्ति कार्यरत छन् भने १८५ वटा सामुदायिक प्रहरी सेवा केन्द्र प्रत्यक्ष खटिएका छन् ।

# रातो मच्छिन्द्रनाथको संग्रहालय ललितपुरमा

**ललितपुर–** वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको संग्रहालय ललितपुर महानगरपालिका-४ जावलाखेलमा निर्माण सुरु भएको छ । मच्छिन्द्रनाथको रथयात्रा ललितपुरमा प्रत्येक वर्ष हुँदै आएको छ ।

ललितपुरको अन्य जात्रामध्येमा सबैभन्दा लामो जात्राका रूपमा चिनिने रातो मच्छिन्द्रनाथको रथयात्रा, पात्रोअनुसार करिब दुई महिनासम्म सञ्चालन हुने गर्छ । ललितपुरको पुल्चोकबाट पाटनका विभिन्न स्थानमा रथयात्रा गरेपछि जावलाखेलमा भोटो देखाएपछि यो सम्पन्न हुन्छ । जावलाखेलमा करिब चार दिन रथ राखिने भएकाले जावलाखेलमै रातो मच्छिन्द्रनाथको संग्रहालय निर्माण हुन लागेको हो ।

ललितपुर महानगरपालिका-४ का वडाध्यक्ष सन्तोष खड्काका अनुसार ललितपुर महानगरपालिकाको ८५ लाख रूपैयाँको लागतमा संग्रहालय निर्माण थालिएको हो । प्रदेश सरकारअन्तर्गतको पर्यटन मन्त्रालयले संग्रहालय निर्माण गर्न ४५ लाख रूपैयाँ प्रदान गर्ने सम्झौता भएको वडाध्यक्ष खड्काले जानकारी दिए ।

संग्रहालय भवन दुई तलाको हुने छ भने त्यसमा रातो मच्छिन्द्रनाथको जात्रासँग सम्बन्धित सामग्री राखिने छन् । रातो मच्छिन्द्रनाथ जात्रासँग सम्बन्धित विभिन्न ऐतिहासिक सामग्री संकलन गर्न सम्बन्धित निकायमा पत्रचार गरिएको वडाध्यक्ष खड्काले जानकारी दिए ।

रातो मच्छिन्द्रनाथको १२ वर्षे जात्रा र बर्सेनि सञ्चालन हुने जात्रामा प्रयोग गरिने रथको पांग्रा ललितपुरको जावलाखेलमा राखिने गरिएको छ । रथको पांग्रा राख्ने भवन जीर्ण अवस्थामा छ । धेरै वर्ष पहिलेदेखि प्रयोग गरिएको रथका पांग्राहरू घामपानीबाट जोगाउनका टहरामा राखिएको छ ।

हाल संग्रहालय निर्माण कार्य सुरु भएको ठाउँमा ऐतिहासिक पाटी रहेको ललितपुर महानगरपालिका-४ का वडासचिव ईश्वरीप्रसाद भण्डारीले जानकारी दिए । उनले भने, 'रातो मच्छिन्द्रनाथको जात्राको समयमा बत्ती बाल्न आउँदा भक्तजन पाटीमा बस्ने गरेको इतिहास छ । ऐतिहासिक पाटी भत्किएपछि त्यसलाई ट्राफिक प्रहरीले उपयोग गरेको छ । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEF AL-SHAMI RESTAURANT COMPANY

पुर्व स्वीकृति मिति २०८०/०८/१९ | LT. No. 295925 | चलानी नं. ६०२१०६६७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रु. | | | | | | | |
| 1 | CLEANER (INDOOR) | 0 | 4 | 100 | ४३१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 6 | 0 | 100 | ४३१५५ | | | | | | | |
| 3 | waiter | 10 | 0 | 140 | ६०४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २७ गते (13th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

NBR Namo Buddha Recruitment Pvt. Ltd. Govt. License 1370/74/75

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com



## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिं.

केन्द्रीय कार्यालय धुम्बाराही-४, चण्डोल, काठमाडौं
सदस्य सुविधा काउन्टर चुच्चेपाटी-६,
फोन नं.: ०१-४५२८९६६, ०१-४५३४०६६, Email: goretosave@gmail.com

**१४औं वार्षिक साधारण सभाको सूचना !**

यस संस्थाको संचालक समितिको मिति २०८०/८/१५ मा बसेको बैठकको निर्णय बमोजिम संस्थाको १४ औं बार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा सम्पन्न हुने भएको हु'दा सहकारी ऐन २०४८ को दफा १५ को उपदफा २ अनुसार शेयरधनी महानुभावहरुलाई पत्र मार्फत जानकारी गराई सकेका छौं, यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई गरिमामय उपस्थितिका लागी हार्दिक आमन्त्रण सहित यो सूचना प्रकाशित गर्दछौं ।

१. मिति, स्थान तथा समयः
मितिः २०८० साल पौष २१ गते शनिवार
स्थानः बरण्डा क्याफे एण्ड रेष्टुरेन्ट चुच्चेपाटी –४ काठमाडौं (पुरानो नाङ्लो बेकरी पेट्रोलपम्प सगैं)
समयः बिहान ९:३० बजेदेखि नाम दर्ता
उद्घाटः बिहान १०:३० बजे

२. साधारण सभामा छलफल गरिने बिषयहरुः
१. सञ्चालक समितीको तर्फबाट आ.व. २०७९/०८० को अध्यक्ष ज्यूले प्रस्तुत गर्नुहुने कार्य प्रगति प्रतिबेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितीको तर्फबाट कोषाध्यक्ष ज्यूले आ.व. ०७९/०८० को प्रतिवेदन तथा चालु आ.व. २०८०/०८१ को अनुमानित विवरण सहितको प्रस्तुत गर्नुहुने आर्थिक प्रतिबेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
३. लेखा परीक्षण प्रतिवेदन सहित २०८० साल असार मसान्त सम्मको वासलात, आ.ब.२०७९/८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा
६. बार्षिक साधारण सभाबाट अनुमोदन निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयर सदस्य र संचालक सदस्यहरु मध्येबाट १० जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. संस्थाको उत्कृष्ट बचत कर्ता सदस्य, उत्कृष्ट ऋणी सदस्यलाई सम्मान गर्ने कार्यक्रमको सम्बन्धमा ।
८. साधारण सभा सम्बन्धि जानकारी ।
क. शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थितभई त्यहाँ राखिने उपस्थिति पुस्तकमा दस्तखत गर्नुपर्ने छ ।
ख. संस्थाको आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन साधारण सभामा उपलब्ध गराइनेछ विस्तृत जानकारीको लागि संस्थाको केन्द्रिय कार्यालय धुम्बाराही, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
ग. सभामा आफ्नो जिज्ञासा वा सुझाबहरु ब्यक्त गर्न चाहने शेयर सदस्यज्यूहरुले भद्र र संयमित भई तोकिएको समयभित्र दिनु हुन अनुरोध गर्दछौं ।
घ. साधारण सभामा प्रवेश गर्दा सदस्यता परिचय पत्र वा शेयर सदस्यको परिचय खुल्ने अन्य परिचय पत्र सहित उपस्थित हुनुपर्ने छ ।
९. विविध

पुनश्च :– संस्थाले साधारण सभामा उपस्थित भई शेयर पुस्तिकामा दस्तखत गर्ने शेयर सदस्यज्यूहरुलाई यातायात खर्चको व्यवस्था समेत गरेको छ ।

आज्ञाले
सचिव



## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

(चावहिल काठमाडौं) को नाममा रहेको

KUSCCOOP Since 2000

**सम्पत्ति (सवारीसाधन) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सूचना**

प्रकाशित मिति : २०८०/०८/२० गते बुधवार

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको कार्यालयमा रहेको तपशिल बमोजिमको सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरु सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

तपशिल

| क्र.सं. | सवारी साधनको विवरण | बनेको साल | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | Nissan Micra (गाडि नं. बा १८च२३३४) | २०१७ | रु.५००/ |

लिलामका शर्तहरुः

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरुपी पाँच सय रुपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२).शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८० साल मंसिर २६ गते दिनको ३:०० बजे भित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३). शिलबन्दी बोलपत्र २०८० साल मंसिर २७ गते बुधवार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्र दाताहरु वा निजले लिखित रुपमा नियुक्तगरेको प्रतिनिधिहरु र अन्य पदाधिकारीहरुको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ। बोलपत्र दाताहरु वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपीको साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६). कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ
९). अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :– २०८०/०८/२६ गते मंगलवार
शिलबन्दी बोलपत्र खोल्ने मिति :– २०८०/०८/२७ गते बुधवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)
स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा
समय : दिउँसो ३.०० बजे

विस्तृत जानकारीको लागि
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)–७,काठमाडौं ।
फोन नं.: ०१–४५७८००६, ४५६५१०२, ४५६५१०४, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।



## Invitation for Bids

### DOGADAKEDAR RURAL MUNICIPALITY
### OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
### Deulek, Baitadi
### Sudurpaschim Province , Nepal

**Date of publication: 2080/08/20**

1. **DOGADAKEDAR RURAL MUNICIPALITY, Office of Municipal Executive Deulek,** Baitadi invites electronic bids from eligible bidders for the various works under National Competitive Bidding procedures the name and identification of contract are as follows.

| S.N | Contract Identification No. | Description of Works | Total Estimated Amount Without VAT & PS(NRs.) | Bid Security Amount (NRs) | Cost Of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NCB/DKRM/ W-04/080/081 | Construction of Dhikagd Sainikhet Lift Khanepani Aayojana | 58,57,847.62 | 1,70,000.00 | 3,000.00 |
| 2. | NCB/DKRM/ W-05/080/081 | Construction of Kalagaun Lift Khanepani Aayojana | 50,32,902.41 | 1,45,000.00 | 3,000.00 |

| S.N | Contract Identification No. | Description of Works | Total Estimated Amount Without VAT & PS(NRs.) | Bid Security Amount (NRs) | Cost Of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 3. | NCB/DKRM/ W-06/080/081 | Construction of Dogadakedar Shit Bhandar | 1,03,65,607.86 | 3,00,000.00 | 3,000.00 |

Only eligible bidders with the following key qualifications should participate in Construction of Shit Bhandar:
Minimum Work experience of similar size and nature: At least 1 contracts within the last 10 years

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dogadakedar Rural Municipality, Deulek, Baitadi. Email:dogadakedargaupalika@gmail.com or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   - ***Name of the Bank: Global IME Bank Dogadakedar Branch, Baitadi***
   - ***Account Name: GA.1.1 AANTARIK RAJASWO KHATA DOGADAKEDAR***
   - ***Deposit Account No. 14504010000007***
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/09/20 (05 Jan 2024). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2080/09/19 (05 Jan 2024) at the office of Dogadakedar Rural Municipality, Deulek, Baitadi Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, at **Dharauti Account No. : 14504010000004, Account Name GA.3 DHARAUTI KHATA DOGADAKEDAR** on behalf of Dogadakedar Rural Municipality, Office of the Rural Municipal Executive, Deulek Baitadi, at GlobalIME Bank ,Dogadakedar Branch Baitadi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days from the date of bid opening)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PENANG AUTOMATION CLUSTER SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१९ | LT. No. 269289 | चलानी नं. ६०१८५१९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Factory Worker | 80 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २७ गते (13th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## एनसेलमाथि शीघ्र छानबिन गर

दूरसञ्चार प्रदायक कम्पनी एनसेलको सेयर बिक्री प्रकरणको विवाद सतहमा आएको छ । एक खर्ब ३६ करोड अमेरिकी डलरमा किनेको ८० प्रतिशत सेयर लगानी जोखिम बढेको भन्दै मलेसियन कम्पनी अजियटाले सस्तैमा बेचेपछि यो विवाद सतहमा आएको हो । साढे छ अर्बमा बिक्री गरेको विषयले एनसेल विवादमा तानिएको छ । अजियटाबाट उक्त सेयर स्पेक्ट्रलाइट युके लिमिटेडले किनेको विषयलाई लिएर सरकारले पनि शंका जनाएको छ । तर यो विषयमा सरकारले आफूसँग कुनै तथ्यांक नभएको जनाएको छ ।

नेपालमा दूरसञ्चार प्रदायक कम्पनी सञ्चालनको अनुमति दिने संस्था हो, नेपाल दूरसञ्चार प्राधिकरण । प्राधिकरणलेसमेत सेयर खरिदबिक्री प्रकरण थाहा नभएको दाबी गरेको छ । आफ्नै देशमा सञ्चालन भइरहेको निजी कम्पनीमा सरकारले कुनै जानकारी राख्न नसक्नु सबैभन्दा अचम्मको विषय हो । यसैले पनि अहिले यो प्रकरणमा आरोपको बाछिटा प्रधानमन्त्रीदेखि शीर्ष नेतासम्म लागेको छ । यो प्रकरणमा आफ्नो नाम पनि डामिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले बैठक राख्न चटारो देखाएका छन् । गतिहीन बनेको संसदीय समितिले पनि बैठक डाकेको छ ।

यसअघि सबै चुपचाप रहेको यो प्रकरण जनस्तरमा आवाज उठ्न थालेपछि सांसद र प्रधानमन्त्रीसमेत मुख खोल्न बाध्य भएका हुन् । मलेसियन कम्पनी अजियटाले व्यापारमा निरन्तर ओरालो लागेपछि आफूले भार थेग्न नसकेर सस्तोमै सेयर बेचेको दाबी गरेको छ । सेयर मूल्यमा ऋणसमेत जोडिएको र छ वर्षसम्म लाभांश लिइरहने सम्झौतासमेत स्पेक्ट्रलाइटसँग भएको उसको दाबी छ ।

यो प्रकरणमा २० प्रतिशत सेयर भएको नेपाली लगानीकर्ता र ८० प्रतिशत सेयर किन्ने लगानीकर्ताका मालिक एकै जना भएको देखिएकाले पनि घटना थप शंकास्पद देखिएको हो । जबकि यही सेयर किन्न स्पेक्ट्रलाइट केही समयअघिमात्र बेलायतमा दर्ता भएको देखिन्छ । दूरसञ्चार ऐनअनुसार दर्ता भएको कुनै दूरसञ्चार प्रदायकको चलअचल सम्पत्ति २५ वर्षमा नेपाल सरकारको हुन्छ । यो अवधिमा एनसेलले राम्रै नाफा लिएको देखाउँछ । पछिल्ला दिनमा नेपाल टेलिकममो सेवा विस्तार र बजार योजना राम्रो हुँदा एनसेल खुम्चिएकै हो ।

व्यापारिक प्रतिस्पर्धामा आफू असफल हुने तर सरकारको दोष देखाएर कर छली गर्न खोज्नु आफैंमा अपराध हो । एनसेलको विगतको छवि राम्रो छैन । यसो भन्दैमा एनसेल अहिले पनि गलत हुन्छ भन्ने पनि हैन । यद्यपि, एनसेलको लेनदेन शंकाको घेरामा परिसकेको छ । यसैले यसलाई सरकारले शीघ्र निष्पक्ष छानबिन गरोस् र दोषी पाइए कानुनबमोजिम कारबाही होस् ।

# सञ्चारमाध्यमलाई धराशायी बनाउने विज्ञापन नीति



▶▶ कृष्णबहादुर कार्की

लोकतान्त्रिक व्यवस्थामा सञ्चारमाध्यम स्वतन्त्ररूपमा सञ्चालन हुनु अपरिहार्य हुन्छ । किनकि, राज्यमा सुशासन कायम गर्ने कार्यमा सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहन्छ । सुशासनविनाको लोकतन्त्र कल्पनासमेत गर्न सकिँदैन । सुशासन कायम हुन नसकेको अवस्थामा लोकतान्त्रिक व्यवस्था नै संकटमा पर्ने गर्दछ । यदि सञ्चारमाध्यम सशक्त बन्न सकेन भने सुशासन कायम गर्न सकिँदैन । यसर्थ मुलुकले अंगीकार गरेको लोकतान्त्रिक पद्धतिको मुख्य गहना सञ्चारमाध्यम हो भन्ने कुरामा कसैको दुई मत नहोला ।

नेपालको संविधानले प्रेस स्वतन्त्रता तथा सञ्चारको हक सुनिश्चित गरेको छ । जसअनुसार नेपाली सञ्चारमाध्यमले मुलुकमा सुशासन कायम गर्न तथा विकासका लागि भूमिका खेल्दै आएको छ । तर, पछिल्लो समय सरकारले सञ्चारमाध्यममाथि नियन्त्रण गर्न खोजिरहेको भान भइरहेको छ । विशेषगरी छापा सञ्चारमाध्यमलाई बन्द गराउने नीति सरकारले लिएको देखन्छ । जसको उदाहरण पछिल्लो समय सरकारले जारी गरेका केही कानुन तथा निर्देशिकाहरूलाई लिन सकिन्छ ।

स्वतन्त्र सञ्चारमाध्यमको आम्दानीको मुख्य स्रोत विज्ञापन हो । विज्ञापन सञ्चारमाध्यमको मेरुदण्ड हो । सञ्चालनको मुख्य आयस्रोत सरकारी र निजी क्षेत्रबाट प्राप्त हुने विज्ञापन नै हो । नेपालको संविधान र विभिन्न ऐन कानुनहरूले कतिपय सरकारी सूचना र विज्ञापनहरू राष्ट्रिय दैनिकमा नै प्रकाशन गर्नुपर्ने किटान गरेको छ । तर पछिल्लो समय संविधान र ऐनविपरीत नियमावली, निर्देशिका र कार्यविधि बनाई पत्रपत्रिकामा प्राप्त हुने विज्ञापनलाई नियन्त्रण र नियोजन गर्ने अभ्यास हुन थालेको छ । यसबाट राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकाहरू बन्द हुने अवस्था सिर्जना भएको छ । यस लेखमा राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकालाई प्रभावित पार्ने सरकारी कदमबारे चर्चा गरिएको छ ।

### १. विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को बुदा नं ४५

